# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, पौष ३० गते, २०६४ साल (संख्या ३९

भाग ३

**नेपाल सरकार**

**श्रम तथा यातायात व्यवस्था मन्त्रालयको**

**सूचना**

## वैदेशिक रोजगार नियमावली, २०६४

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ८५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :(१) यी नियमहरुको नाम "वैदेशिक रोजगार नियमावली, २०६४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले वैदेशिक रोजगार ऐन, २०६४ सम्झनु पर्छ ।

(ख) "करार" भन्नाले रोजगारदाता संस्था वा निजको प्रतिनिधि र कामदार तथा इजाजतपत्रवाला र कामदार बीच कामदारको सेवा, शर्त तथा पारिश्रमिक र दुवै पक्षले पालन गर्नु पर्ने शर्तको बारेमा भएको करार सम्झनु पर्छ ।

(ग) "कोष" भन्नाले ऐनको दफा ३२ बमोजिम स्थापना भएको वैदेशिक रोजगार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कल्याणकारी कोष सम्झनु पर्छ ।

(घ) "न्यायाधिकरण" भन्नाले ऐनको दफा ६४ बमोजिम गठन भएको वैदेशिक रोजगार न्यायाधिकरण सम्झनु पर्छ ।

(ङ) "मागपत्र" भन्नाले कामदारको संख्या, किसिम, योग्यता, कामदारले पाउने पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरु उल्लेख गरी रोजगारदाता संस्थाले इजाजतपत्रवालालाई पठाएको मागपत्र सम्झनु पर्छ ।

(च) "सञ्चालक" भन्नाले संस्था वा इजाजतपत्रवालाको सञ्चालक सम्झनु पर्छ र सो शब्दले वैकल्पिक सञ्चालक समेतलाई जनाउँछ ।

## परिच्छेद–२

## संस्था वा कामदार छनौट गर्ने सम्बन्धी व्यवस्था

३. संस्थाको छनौट गर्ने आधार: ऐनको दफा ५ बमोजिम नेपाल सरकारलाई कामदार छनौट गरी पठाउन अनुरोध भई आएमा नेपाल सरकारले अनुसूची १ मा तोकिएको आधारमा संस्थाको छनौट गरी त्यस्तो संस्था मार्फत कामदार पठाउन सक्नेछ ।

४. संस्थाको छनौट गर्ने कार्यविधि: (१) नेपाल सरकारले नियम ३ मा उल्लिखित आधारमा खुल्ला प्रतिस्पर्धाद्वारा संस्था छनौट गर्ने प्रयोजनका लागि देहायको विवरण खुलाई राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कम्तीमा पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ :-

(क) कामदार पठाउने विदेशी मुलुक र रोजगारदाता संस्थाको नाम,

(ख) कामदारको माग संख्या,

(ग) संस्था छनौट गर्ने आधार,

(घ) दरखास्तसाथ पेश गर्नु पर्ने विवरण,

(ङ) दरखास्त दिने स्थान,

(२) उपनियम (१) बमोजिम प्रकाशित सूचना अनुसार प्राप्त हुन आएका दरखास्तहरु मध्येबाट नियम ३ मा उल्लिखित प्रत्येक आधार बमोजिम अंकभार कायम गरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने संस्था छनौट गर्नु पर्नेछ ।

५. सन्धि वा सम्झौता गरी कामदार पठाउँदा छनौट गर्ने मापदण्ड र प्रकृया : ऐनको दफा ६ बमोजिम नेपाल सरकारले नेपालसंग कुटनैतिक सम्बन्ध कायम गरेका मुलुकको सरकारसँग सन्धि वा सम्झौता गरी कामदार पठाउने प्रयोजनका लागि आवश्यक व्यक्तिहरुको छनौट गर्दा त्यस्तो सन्धि वा सम्झौतामा उल्लेख गरिएका कुराहरुको हकमा सोही बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा देहायका मापदण्ड र प्रकृया पूरा गरेका व्यक्तिहरु मध्येबाट छनौट गर्नु पर्नेछ :-

(क) सामान्य लेखपढ गर्न जानेको,

(ख) काम गर्न जाने मुलुकको कानून, भाषा, संस्कृति, रहन सहन सम्बन्धी सामान्य जानकारी भएको,

(ग) व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी सामान्य जानकारी भएको,

३५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) अभिमुखीकरण तालिमको प्रमाणपत्र प्राप्त गरेको,

(ङ) मान्यता प्राप्त स्वास्थ्य संस्थाबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको,

(च) ऐनको दफा ६ को उपदफा (२) बमोजिमको निर्देशक समितिले तोकेको अन्य प्रकृया र मापदण्ड पूरा गरेको ।

परिच्छेद–३

इजाजतपत्र सम्बन्धी व्यवस्था

६. इजाजतपत्र सम्बन्धी व्यवस्था: (१) वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न चाहने संस्थाले इजाजतपत्रको लागि देहायको कागजात र विवरण खुलाई अनुसूची-२ बमोजिमको ढाँचामा विभाग समक्ष निवेदन दिनु पर्नेछ :-

(क) संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) संस्थाको प्रवन्ध पत्र र नियमावलीको प्रमाणित प्रतिलिपि,

(ग) स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(घ) संस्थाको विस्तृत व्यावसायिक कार्य योजना,

(ङ) सञ्चालकको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(च) सञ्चालकले विगत पाँच वर्षदेखि निरन्तर रुपमा सञ्चालनमा रहेको वैदेशिक रोजगार सम्बन्धी संस्था वा वित्तीय, व्यावसायिक, व्यापारिक वा औद्योगिक संस्थामा सञ्चालक, प्रोप्राईटर वा व्यवस्थापकको हैसियतमा कम्तीमा दुई वर्षको अनुभव प्राप्त गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(छ) प्रचलित कानून बमोजिम सरकारलाई तिर्नु बुझाउनु पर्ने कर फर्स्यौट गरेको निस्सा,

(ज) संस्थापक वा सञ्चालक नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

(झ) इजाजतपत्र रद्द भएको संस्थाको सञ्चालक नभएको ।

(२) उपनियम (१) बमोजिम पेश भएको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा त्यस्तो संस्थालाई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र दिन उपयुक्त देखेमा विभागले इजाजतपत्र दस्तुर बापत बीस हजार रुपैयाँ र ऐनको दफा ११ को उपदफा (२) बमोजिमको धरौटी वा बैङ्क ग्यारेन्टी दाखिला गरेको निस्सा लिई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र दिनु पर्नेछ ।

७. बैङ्क ग्यारेण्टीको अवधि: (१) ऐनको दफा ११ को उपदफा (२) बमोजिमको बैङ्क ग्यारेन्टीको अवधि कम्तीमा पाँच वर्षको हुनु पर्नेछ ।

(२) बैङ्क ग्यारेन्टीको अवधि समाप्त हुनु भन्दा एक वर्ष अगावै पुनः अर्को अवधिको लागि त्यस्तो बैङ्क ग्यारेन्टीको अवधि नवीकरण गराई विभाग समक्ष पेश गर्नु पर्नेछ ।

८. इजाजतपत्रको नवीकरण: (१) इजाजतपत्रवालाले देहायको विवरण पेश गरी प्रत्येक आर्थिक वर्षको असार मसान्तभित्र इजाजतपत्र नवीकरण गराउनु पर्नेछ :-

(क) अघिल्लो आर्थिक वर्षको आय विवरण बुझाएको भरपाई वा आयकर दाखिला गरेको प्रमाण,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) अघिल्लो आर्थिक वर्षमा वैदेशिक रोजगारमा कामदार पठाएको संख्या र अवस्था ।

(२) ऐनको दफा १२ को उपदफा (३) बमोजिम तीन वर्षको एकै पटक इजाजतपत्र नवीकरण गराउने इजाजतपत्रवालाले नवीकरण अवधि समाप्त भएको वर्षको असार मसान्तभित्र इजाजतपत्र नवीकरण गराउनु पर्नेछ ।

(३) इजाजतपत्र नवीकरण गराउँदा एक आर्थिक वर्षको दशहजार रुपैयाँका दरले नवीकरण दस्तुर बुझाउनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र नवीकरण गराउन चाहने इजाजतपत्रवालाले उपनियम (३) बमोजिमको नवीकरण दस्तुरको अतिरिक्त प्रत्येक महिनाको लागि दशहजार रुपैयाँको दरले थप नवीकरण दस्तुर बुझाई सोही आर्थिक वर्षको असोज मसान्तसम्म इजाजतपत्र नवीकरण गराउन सक्नेछ । त्यस्तो इजाजतपत्र नविकरण नगराएमा वैदेशिक रोजगार व्यवसाय गर्न पाउने छैन ।

(५) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्वत् २०६१ साल भाद्र १६ गतेदेखि यो नियमावली प्रारम्भ हुँदाका बखतसम्म काबू बाहिरको परिस्थिति परी इजाजतपत्र नवीकरण गराउन नसकेका इजाजतपत्रवालाले सो व्यहोरा खुलाई यो नियमावली प्रारम्भ भएको मितिले नब्बे दिनभित्र आफूले राखेको धरौटीबाट कुनै रकम सापटी लिएको भए सो फिर्ता बुझाई इजाजतपत्र नवीकरणको लागि विभागमा निवेदन दिएमा र निवेदनको व्यहोरा मनासिव देखिएमा एक पटकको लागि प्रत्येक वर्षको पचास हजार रुपैयाँका दरले नवीकरण दस्तुर लिई इजाजतपत्र नवीकरण गर्न सकिनेछ ।

९. <u>इजाजतपत्र रद्द भएको जानकारी दिनु पर्ने</u>: ऐनको दफा १३ बमोजिम इजाजतपत्र रद्द भएमा विभागले सोको जानकारी इजाजतपत्रवालालाई दिनु पर्नेछ ।

१०. <u>रकम फिर्ता गर्नु पर्ने</u> : इजाजतपत्रवालाले पाएको इजाजतपत्र ऐनको दफा १३ बमोजिम रद्द भएमा त्यसरी रद्द हुनु अघि वैदेशिक रोजगारका लागि कामदार पठाउन कसैबाट सेवा शुल्क वा कुनै रकम लिएको प्रमाणित भएमा त्यसरी लिएको रकम इजाजतपत्र रद्द भएको मितिले एक महिनाभित्र सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ ।

११. <u>धरौटी रकम फिर्ता तथा बैङ्क ग्यारेण्टी फुकुवा हुने</u>: (१) ऐनको दफा १३ बमोजिम कुनै इजाजतपत्र रद्द भएमा इजाजतपत्रवालाले त्यस्तो इजाजतपत्र लिंदा राखेको धरौटी रकम फिर्ता पाउन वा बैङ्क ग्यारेण्टी फुकुवा गर्न विभाग समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिँदा कसैलाई कुनै रकम तिर्न बुझाउन बाँकी रहे नरहेको व्यहोरा समेत खुलाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम निवेदन प्राप्त हुन आएमा विभागले त्यस्तो इजाजतपत्रवालाले पाएको इजाजतपत्र रद्द भै निजले राखेको धरौटी रकम फिर्ता गर्न वा बैङ्क ग्यारेण्टी फुकुवा गर्न माग हुन आएको व्यहोरा जनाई त्यस्तो इजाजतपत्रवालाले रोजगार बापत कसैबाट सेवा शुल्क वा

२३६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कुनै रकम लिई वैदेशिक रोजगारमा नपठाएको भए त्यस्तो सेवा शुल्क वा रकम फिर्ता लिन सबूद प्रमाण सहित दावी गर्न आउनु भनी पैंतीस दिनको म्याद दिई कम्तीमा दुईवटा राष्ट्रियस्तरको दैनिक पत्रिकामा तथा आवश्यकता अनुसार अन्य सञ्चार माध्यमद्वारा सूचना प्रकाशन वा प्रसारण गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्रकाशित वा प्रसारित सूचनाको म्यादभित्र कसैको दावी पर्न आई सो दावी उपर जाँचबुझ गर्दा इजाजतपत्रवालाले वैदेशिक रोजगारका लागि रकम लिई वैदेशिक रोजगारमा नपठाएको प्रमाणित भएमा विभागले इजाजतपत्रवालालाई त्यस्तो रकम सम्बन्धित व्यक्तिलाई पन्ध्र दिनभित्र फिर्ता गर्न आदेश दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको आदेशानुसार इजाजतपत्रवालाले रकम फिर्ता नगरेमा विभागले निजले राखेको धरौटी रकम वा बैङ्क ग्यारेण्टीको रकमबाट कट्टा गरी उपनियम (४) बमोजिम दावी गर्न आउने व्यक्तिलाई रकम भराई दिनु पर्नेछ ।

(६) उपनियम (३) बमोजिम प्रकाशित वा प्रसारित सूचनाको म्यादभित्र कसैको दावी नपरेमा वा दावी परी उपनियम (४) उल्लिखित म्यादभित्र त्यस्तो रकम इजाजतपत्रवालाले फिर्ता गरेमा विभागले बाँकी धरौटी रकम फिर्ता वा बैङ्क ग्यारेण्टी फुकुवा गरी दिनु पर्नेछ ।

(७) इजाजतपत्रवालाको धरौटी वा बैङ्क ग्यारेन्टीको रकमबाट रकम फिर्ता दिलाउन नपुग भएमा त्यस्तो नपुग भए जति रकम सञ्चालकबाट प्रचलित कानून बमोजिम भराई दिनु पर्नेछ ।

(८) उपनियम (२) बमोजिम सूचना प्रकाशन वा प्रसारण गर्दा लाग्न गएको खर्च सम्बन्धित इजाजतपत्रवालाको धरौटी वा बैङ्क ग्यारेण्टीको रकमबाट कट्टा गरिनेछ ।

## परिच्छेद–४

## पूर्वस्वीकृति र कामदार छनौट सम्बन्धी व्यवस्था

१२. <u>पूर्व स्वीकृतिको लागि निवेदन दिनु पर्ने:</u> इजाजतपत्रवालाले ऐनको दफा १५ को उपदफा (१) मा उल्लिखित विवरणका अतिरिक्त देहायका विवरणहरु खुलाई वैदेशिक रोजगारमा कामदार पठाउनको लागि पूर्वस्वीकृति प्राप्त गर्न अनुसूची-४ बमोजिमको ढाँचामा विभाग समक्ष निवेदन दिनु पर्नेछ :-

(क) सञ्चालकले आफ्ना प्रतिनिधिलाई विभागमा गई यस सम्बन्धी काम गर्न दिएको अख्तियारनामा,

(ख) विभागले जारी गरेको संस्थाको प्रतिनिधिको परिचय पत्रको प्रतिलिपि,

(ग) पूर्व स्वीकृति प्रदान गरेपछि प्रकाशन गर्नु पर्ने विज्ञापनको नमूना,

(घ) इजाजतपत्रको प्रतिलिपि,

(ङ) इजाजतवालाले लिन पाउने सेवा शुल्क तथा प्रवर्द्धन खर्च ।

५६९



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. <u>पूर्वस्वीकृति नदिने अवस्थाः</u> ऐनको दफा १५ को उपदफा (३) मा उल्लिखित अवस्थाका अतिरिक्त देहायको अवस्थामा विभागले कामदार छनौट गर्न पूर्वस्वीकृति दिने छैनः-

(क) पूर्वस्वीकृतिको लागि इजाजतपत्रवालाले पेश गरेको कागजातहरुमा उल्लिखित विवरण सच्चाएको, परस्पर बाझिएको, थपघट गरेको वा हेरफेर गरेको पाईएमा,

(ख) विदेशस्थित नेपाली कुटनैतिक नियोग वा श्रम सहचारीले वैदेशिक रोजगार उपलब्ध गराउने मुलुक वा रोजगारदाता संस्थामा कामदार पठाउन उपयुक्त नहुने भनी विभागलाई लिखित जानकारी गराएमा ।

१४. <u>विज्ञापन प्रकाशन गर्दा खुलाउनु पर्ने विवरणः</u> ऐनको दफा १६ बमोजिम विज्ञापन प्रकाशन गर्दा देहायको विवरण खुलाउनु पर्नेछ:-

(क) विभागबाट पूर्व स्वीकृति लिएको मिति र पत्र संख्या,

(ख) इजाजपत्रवालाको नाम, ठेगाना र इजाजतपत्र नम्बर,

(ग) रोजगारदाता मुलुक तथा रोजगारदाता संस्थाको नाम र ठेगाना,

(घ) कामदारको पद,

(ङ) कामदारको माग संख्या,

(च) कामदारले गर्नु पर्ने कामको विवरण,

(छ) कामदारको आवश्यक न्यूनतम योग्यता,

(ज) कामदारले पाउने आवास तथा खाना सुविधा सम्बन्धी व्यवस्था,

(झ) कामदारले पाउने मासिक पारिश्रमिक,

(ञ) कामदारले गर्नु पर्ने दैनिक तथा साप्ताहिक कामको अवधि,

(ट) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति,

(ठ) कामदारको बीमा तथा स्वास्थ्य सुविधा सम्बन्धी व्यवस्था,

(ड) कामदार रोजगारमा जाँदा आउँदा लाग्ने हवाई टिकट खर्च सम्बन्धी व्यवस्था,

(ढ) कामदारले तिर्नु पर्ने सेवा शुल्क, प्रवर्द्धन खर्च समेतको कूल खर्च,

(ण) कामदार छनौट गर्ने तरिका, मिति र स्थान,

(त) ऐनको दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिएको संख्या,

(थ) विभागले तोकेका अन्य कुराहरु ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. <u>निवेदन दिनु पर्ने</u>: नियम १४ बमोजिम विज्ञापन प्रकाशित भए पछि वैदेशिक रोजगारमा जान चाहने व्यक्तिले आफ्नो योग्यता, तालिम र अनुभवको विवरण संलग्न गरी अनुसूची-५ बमोजिमको ढाँचामा इजाजतपत्रवाला समक्ष निवेदन दिनु पर्नेछ।

१६. <u>कामदार छनौट गर्ने आधार</u>: (१) इजाजतपत्रवालाले नियम १५ बमोजिम पर्न आएका निवेदनहरु मध्येबाट देहायको आधारमा कामदारको छनौट गर्नु पर्नेछ :-

(क माँगपत्रमा उल्लिखित योग्यता तथा तालिम र अनुभव,

(ख) निवेदकको उमेर तथा शारीरिक तन्दुरुस्ती,

(ग) दक्ष र अर्धदक्ष कामदारको हकमा सीपमुलक तालिम,

(घ) ऐनको दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा प्रदान गरिएको आरक्षण।

(२) उपनियम (१) मा उल्लिखित आधारका अतिरिक्त कामदार छनौट गर्ने मापदण्ड तथा कार्यविधि सम्बन्धमा विभागले इजाजतपत्रवालालाई आवश्यक लिखित निर्देशन दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित इजाजतपत्रवालाको कर्तव्य हुनेछ।

## परिच्छेद – ५

## <u>कामदार पठाउने स्वीकृति सम्बन्धी व्यवस्था</u>

१७. <u>श्रम स्वीकृतिको निस्सा (स्टिकर) सम्बन्धी व्यवस्था</u>: ऐनको दफा १९ को उपदफा (१) बमोजिम इजाजतपत्रवालाले श्रम स्वीकृतिको निस्सा (स्टिकर)लगाउन विभाग समक्ष लेखी पठाउँदा देहायका विवरण समेत खुलाउनु पर्नेछ:–

(क) कामदार छनौटको सूची,

(ख) कोषमा कामदारका तर्फबाट रकम बुझाएको भरपाई,

(ग) कामदारको राहदानी र प्रवेशाज्ञाको प्रतिलिपि,

(घ) विदेशी विमानस्थल प्रयोग गर्नु परेमा प्रस्थान बिन्दु र उडान तालिकाको विवरण,

(ङ) कामदार छनौट सम्बन्धमा परेको उजूरीमा विभागले दिएको निर्देशनको कार्यान्वयनको स्थिति,

(च) विभागले तोकेका अन्य कुराहरु।

१८. <u>नेपाल बाहिर जाँदा प्रस्थान बिन्दुमा दर्ता गराउनु पर्ने</u>: (१) ऐनको दफा २२ को उपदफा (२) बमोजिम विभागको स्वीकृति लिई विदेशी विमानस्थल प्रयोग गर्न नेपाल बाहिर जाँदा कामदारले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रस्थान बिन्दुको अध्यागमन कार्यालयमा देहायको विवरण उल्लेख गरी दर्ता गराउनु पर्नेछ:-

(क) कामदारको नाम, थर र वतन,

(ख) वैदेशिक रोजगारीमा जान लागेको मुलुक ।

(२) उपनियम (१) बमोजिम दर्ता गराउँदा प्रस्थान विन्दुको अध्यागमन कार्यालयमा देहायका कागजातहरु समेत पेश गर्नु पर्नेछ :-

(क) राहदानी र प्रवेशाज्ञाको प्रतिलिपि,

(ख) श्रम स्वीकृतिको निस्सा (स्टिकर) को प्रतिलिपि ।

१९. बीमा सम्बन्धी अन्य व्यवस्था: (१)इजाजतपत्रवालाले वैदेशिक रोजगारमा कामदार पठाउँदा प्रचलित कानून बमोजिम मान्यता प्राप्त बीमकबाट बीमा गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम बीमा गराउँदा तिर्नु पर्ने प्रिमियम रकम र सोको भुक्तानी सम्बन्धी व्यवस्था बीमित र बीमकबीच सम्झौता भए बमोजिम हुनेछ ।

(३) कुनै इजाजपत्रवालाले कुनै कामदारसंग एउटा कम्पनीमा काम गर्ने भनी करार गरी सो भन्दा भिन्न कम्पनी वा काममा लगाएको कारण बीमा सम्बन्धी प्रिमियम र दायित्वमा फरक पर्न गएमा त्यस्तो फरक परे जति दायित्व इजाजपत्रवालाले व्यहोर्नु पर्नेछ ।

## परिच्छेद – ६
## तालिम सम्बन्धी व्यवस्था

२०. अभिमुखीकरण तालिम लिनु पर्ने: (१) वैदेशिक रोजगारमा जाने कामदारले वैदेशिक रोजगारमा जानु पूर्व देहायको विषयमा अभिमुखीकरण तालिम लिनु पर्नेछ:-

(क) नेपालको वैदेशिक रोजगार कानून सम्बन्धी,

(ख) वैदेशिक रोजगारमा जाने मुलुकको भौगोलिक स्थिति, संस्कृति, रहन सहन, आर्थिक, सामाजिक र राजनैतिक अवस्था सम्बन्धी,

(ग) वैदेशिक रोजगारमा जाने मुलुकको भाषा सम्बन्धी,

(घ) वैदेशिक रोजगारमा जाने मुलुकको श्रम, अध्यागमन कानून तथा ट्राफिक नियम सम्बन्धी,

(ङ) एच.आई.भी./एड्स, सरुवा रोग, यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी,

(च) व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी,

(छ) सहज र सुरक्षित यात्रा सम्बन्धी,

(ज) कामदारको आचरण, व्यवहार र सुरक्षा सम्बन्धी,



८२५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) विदेशमा कमाएको आय सरल, सहज र सुरक्षितरुपमा नेपाल पठाउने सम्बन्धी ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि एकपटक अभिमुखीकरण तालिम लिई वैदेशिक रोजागरमा गएका कामदारले सोही मुलुकमा वैदेशिक रोजगारमा जाँदा पुनः अभिमुखीकरण तालिम लिनु पर्ने छैन ।

२१. अभिमुखीकरण तालिम प्रदान गर्ने संस्थाले विभागमा विवरण पेश गर्नु पर्नेः (१) वैदेशिक रोजगारमा जाने कामदारलाई अभिमुखीकरण तालिम प्रदान गर्ने संस्थाले तालिम प्रदान गर्नु अघि देहायको विवरण विभाग समक्ष पेश गर्नु पर्नेछः-

(क) तालिम लिने व्यक्तिको नामावली,

(ख) प्रशिक्षकको नाम ।

(२) अभिमुखीकरण तालिम प्रदान गरेपछि सो अभिमुखीकरण तालिम प्रदान गर्ने संस्थाले तालिम लिएका व्यक्तिहरुको हाजिरी विवरण विभाग समक्ष पेश गर्नु पर्नेछ ।

२२. धरौटी र अनुमतिपत्र दस्तुरः वैदेशिक रोजगारमा जाने व्यक्तिलाई अभिमुखीकरण तालिम प्रदान गर्ने संस्थाले अनुमतिपत्र लिंदा एकलाख रुपैयाँ नगद धरौटी र अनुमतिपत्र दस्तुर बापत दशहजार रुपैयाँ बुझाउनु पर्नेछ ।

२३. अनुमतिपत्रको अवधि र नवीकरण दस्तुरः (१) अभिमुखीकरण तालिम प्रदान गर्ने संस्थाले प्राप्त गरेको अनुमतिपत्र एक आर्थिक वर्षसम्म मान्य हुनेछ । अनुमतिपत्र जुनसुकै मितिमा प्रदान गरिएको भएतापनि सो आर्थिक वर्षको अन्त्यमा त्यस्तो अनुमतिपत्रको अवधि समाप्त हुनेछ ।

(२) अभिमुखीकरण तालिम प्रदान गर्ने संस्थाले प्रत्येक आर्थिक वर्षको असार मसान्तभित्र देहायका विवरण पेश गरी अनुमतिपत्र नवीकरण गराउन सक्नेछः-

(क) अघिल्लो आर्थिक वर्षको प्रगति,

(ख) संस्थाको भौतिक, वित्तीय र जनशक्ति,

(ग) प्रचलित कानून बमोजिम अघिल्लो आर्थिक बर्षको कर दाखिला गरेको प्रमाण,

(घ) विभागले तोकेको अन्य आवश्यक विवरण ।

(३) उपनियम (२) बमोजिम अनुमतिपत्र नवीकरण गराउँदा पाँचहजार रुपैयाँ दस्तुर तिर्नु पर्नेछ ।

(४) ऐन प्रारम्भ हुँदाका बखत अनुमति पाई तालिम सञ्चालन गरिरहेका संस्थाले आफूले पाएको अनुमति नवीकरणको लागि यो नियमावली प्रारम्भ भएको मितिले एक वर्षभित्र विभागमा निवेदन दिन सक्ने र त्यस्तो निवेदन जाँचबुझ गर्दा विभागले त्यस्तो संस्थाको पूर्वाधार, जनशक्ति लगायत अन्य स्रोत साधन पर्याप्त देखेमा नियम २२ बमोजिमको धरौटी र अनुमतिपत्र दस्तुर लिई त्यस्तो संस्थाको अनुमति नवीकरण गरि दिनु पर्नेछ । त्यसरी म्याद भित्र नविकरण नगराउने इजाजतपत्रवालाले तालिम संचालन व्यवसाय गर्न पाउने छैन ।

२५३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपनियम (२) र (४) बमोजिम अनुमतिपत्र नवीकरण नगराएमा त्यस्तो अनुमतिपत्र रद्द हुनेछ ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अभिमुखीकरण तालिम प्रदान गर्ने संस्थाले ऐन तथा यस नियमावली विपरीत कुनै काम गरेको पाइएमा विभागले त्यस्तो संस्थाको अनुमतिपत्र निश्चित अवधिसम्मको लागि निलम्बन गर्न वा रद्द गर्न सक्नेछ ।

(७) उपनियम (६) बमोजिम इजाजतपत्र रद्द गर्नु अघि विभागले सम्बन्धित संस्थालाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

## परिच्छेद–७

## कोष सम्बन्धी व्यवस्था

२४. कामदारले कोषमा रकम जम्मा गर्नु पर्ने: वैदेशिक रोजगारमा जाने कामदारले वैदेशिक रोजगारमा जानु अगाडि नेपाल सरकारले तोके बमोजिमको रकम कोषमा जम्मा गर्नु पर्नेछ ।

२५. धरौटी रकमको परिचालन: (१) ऐनको दफा ११ को उपदफा (२) बमोजिम प्राप्त नगद धरौटी रकम मध्ये पचहत्तर प्रतिशत रकम विभागले कुनै वाणिज्य बैङ्कमा मुद्दति खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम मुद्दति खातामा जम्मा गरेको रकमबाट प्राप्त ब्याज रकम कोषमा जम्मा गरिनेछ ।

२६. कोषको प्रयोग: (१) ऐनको दफा ३३ मा उल्लिखित कार्यहरुका अतिरिक्त कोषको प्रयोग देहायका कार्यमा गरिनेछ:-

(क) वैदेशिक रोजगारमा गएका तथा वैदेशिक रोजगारबाट फर्की आएका कामदारका परिवारको शैक्षिक विकास गर्न,

(ख) वैदेशिक रोजगारमा गएका कामदारका परिवारको स्वास्थ्य उपचारमा सहयोग गर्न,

(ग) वैदेशिक रोजगारमा छनौट भएका महिलाले अभिमुखीकरण तालिम लिंदा तिरेको शुल्क शोधभर्ना गर्न,

(घ) वैदेशिक रोजगारमा गएका महिला कामदारको बालबच्चाको उचित संरक्षणका लागि शिशु स्याहार केन्द्र स्थापना र सञ्चालन गर्न,

(ङ) कामदार र निजको परिवारको हितको लागि विविध कार्यक्रम सञ्चालन गर्न,

(च) वैदेशिक रोजगार वारे जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्न,

(छ) बोर्डको दैनिक कार्य सञ्चालन गर्न ।

(२) उपनियम (१) को खण्ड (च) मा जुनसुकै कुरा लेखिएको भएतापनि बोर्डको कार्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सञ्चालन खर्च नियम २५ को उपनियम (२) बमोजिम आर्जित व्याज रकमको पच्चीस प्रतिशतभन्दा बढी हुनेछैन ।

२७. कोषको सञ्चालनः (१) कोषमा जम्मा गरिने रकम बोर्डले तोकेको कुनै वाणिज्य बैङ्कमा जम्मा गरिनेछ ।

(२) कोषको खाताको सञ्चालन कार्यकारी निर्देशक र बोर्डको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

२८. आर्थिक सहायता उपलब्ध गराइनेः (१) ऐन वा यस नियमावली बमोजिम वैदेशिक रोजगारमा गएको कुनै कामदारको करार अवधिभित्र कुनै कारणले मृत्यु भएमा मृतक कामदारको नजिकको हकवालाले मृतक कामदारको मृत्यु भएको प्रमाणित भएको ६ महिनाभित्र आर्थिक सहायताको लागि बोर्ड समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर आवश्यक छानवीन गर्दा व्यहोरा मनासिब देखिएमा बोर्डले मृतक कामदारको हकवालालाई कोषबाट एकलाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउनेछ ।

(३) ऐन वा यस नियमावली बमोजिम वैदेशिक रोजगारमा गएको कुनै कामदारको करार अवधि भित्र कुनै कारणले अङ्गभङ्ग भएमा त्यस्तो कामदार स्वदेश फिर्ता भएको साठी दिनभित्र देहायको विवरण संलग्न गरी आर्थिक सहायताको लागि बोर्ड समक्ष निवेदन दिन सक्नेछ :-

(क) करारको प्रतिलिपि,

(ख) अङ्गभङ्ग भएको प्रमाणित गर्ने अस्पतालको प्रेस्किप्शन ।

(४) उपनियम (३) बमोजिम प्राप्त निवेदन उपर आवश्यक छानवीन गर्दा व्यहोरा मनासिब देखिएमा अस्पतालको प्रेस्किप्शन, अङ्गभङ्गको प्रकृति र मात्राको आधारमा बोर्डले कोषबाट एकलाख रुपैयाँसम्म आर्थिक सहायता उपलब्ध गराउनेछ ।

## परिच्छेद–८
## बोर्ड र कार्यकारी निर्देशक सम्बन्धी व्यवस्था

२९. बोर्डको अन्य काम, कर्तव्य र अधिकारः ऐनको दफा ३९ मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वैदेशिक रोजगारको अवसर तथा जोखिम बारे अध्ययन अनुसन्धान गर्ने, गराउने,

(ख) वैदेशिक रोजगार सम्बन्धी चेतनामूलक कार्यक्रमहरु रेडियो, टेलिभिजन तथा पत्रपत्रिकाद्वारा नियमित रुपमा प्रसारण तथा प्रकाशन गर्ने, गराउने,

(ग) कामदारको सामाजिक सुरक्षा रणनीति तथा कार्य योजना तयार गर्ने, गराउने,



२५५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) वैदेशिक रोजगारमा गएका महिला कामदारका निमित्त सुरक्षित गृहको स्थापना गरी सञ्चालन गर्ने, गराउने ।

३०. कार्यकारी निर्देशकको योग्यता: कार्यकारी निर्देशकको पदमा नियुक्ति हुन देहाय बमोजिमको योग्यता पुगेको व्यक्ति हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, कानून, व्यवस्थापन, जनप्रशासन मध्ये कुनै एक विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ग) पैंतीस वर्ष पूरा भएको,

(घ) सरकारी वा गैरसरकारी संस्थामा कम्तीमा अधिकृतस्तरको पदमा दश वर्षको कार्य गरेको,

(ङ) नैतिक पतन देखिने फौज्दारी अभियोगमा सजाय नपाएको,

(च) तत्काल राजनैतिक दल वा संगठनको सदस्य नरहेको,

(छ) मगज नबिग्रिएको ।

३१. कार्यकारी निर्देशकको पदपूर्ति: कार्यकारी निर्देशकको पदपूर्तिको लागि श्रम तथा यातायात व्यवस्था मन्त्रालयको सचिवको अध्यक्षतामा लोक सेवा आयोग र सामान्य प्रशासन मन्त्रालयको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको प्रतिनिधि रहेको एक पदपूर्ति समिति रहनेछ ।

(२) उपनियम (१) बमोजिमको पदपूर्ति समितिले पदपूर्तिका लागि सिफारिस गर्दा लोक सेवा आयोगद्वारा निर्धारित कार्यविधि अपनाउनु पर्नेछ ।

३२. पद रिक्त हुने अवस्था: कार्यकारी निर्देशकको पद देहायका अवस्थामा रिक्त भएको मानिनेछः-

(क) निजले नेपाल सरकार समक्ष राजिनामा दिएमा,

(ख) निजको पदावधि पूरा भएमा,

(ग) निजको मृत्यू भएमा,

(घ) नियम ३० बमोजिमको योग्यता नरहेमा ।

३३. कार्यकारी निर्देशकलाई पदबाट हटाउन सक्ने: कार्यकारी निर्देशकले बोर्डको हित विपरीत कुनै कार्य गरेको वा खराब आचरण, ईमानदारीपूर्वक कर्तव्य पालन नगरेको वा कार्यक्षमताको अभाव भएको आधारमा निजलाई नेपाल सरकारले जुनसुकै बखत कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

३४. कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त र सुविधा: कार्यकारी निर्देशकको मासिक पारिश्रमिक नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतले पाए सरहको हुनेछ र निजले पाउने अन्य सुविधा नेपाल सरकारले तोकिए बमोजिम हुनेछ ।



३५५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५. कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार: ऐनको दफा ४१ को उपदफा (५) मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) बोर्डको दैनिक कार्य सञ्चालन गर्ने,

(ख) बोर्डको अल्पकालिन तथा दीर्घकालिन योजना, वार्षिक कार्यक्रम र वजेट तर्जुमा गरी बोर्ड समक्ष पेश गर्ने,

(ग) बोर्डको अध्यक्षले तोकेको समय, मिति र स्थानमा बोर्डको बैठक बोलाउने,

(घ) बोर्डले तोकेका अन्य कार्यहरु ।

## परिच्छेद –९

## न्यायाधिकरण सम्बन्धी व्यवस्था

३६. न्यायाधिकरणको अधिकार क्षेत्रको प्रयोग: (१) न्यायाधिकरणको अधिकार क्षेत्रको प्रयोग तीनै जना सदस्यले सामूहिक रुपमा गर्नेछन् ।

तर एक सदस्य उपस्थित भएको इजलासले मुद्दाको कारबाही र दुई सदस्य उपस्थित भएको इजलासले मुद्दाको कारबाही र किनारा गर्न सक्नेछ ।

(२) तीन जना सदस्य उपस्थित भएको इजलासमा तीनै जना सदस्यको एक मत वा दुई जना सदस्यको बहुमत कायम भए सो मत न्यायाधिकरणको निर्णय मानिनेछ ।

(३) दुई जना सदस्य उपस्थित भएको इजलासमा दुवै जना सदस्यको एकमत कायम भए न्यायाधिकरणको निर्णय मानिनेछ । एक मत कायम नभए कारबाहीको हकमा अध्यक्ष सहितको इजलास भए अध्यक्षको राय बमोजिम र अध्यक्ष बाहेकको इजलास भए वरिष्ठ सदस्यको राय बमोजिम गर्नु पर्नेछ । मुद्दाको फैसला वा अन्तिम आदेशको हकमा पहिला अनुपस्थित रहेको सदस्य समक्ष पेश गरी निजले समर्थन गरेको राय न्यायाधिकरणको निर्णय मानिनेछ ।

(४) उपनियम (३) बमोजिम पहिले अनुपस्थित रहेको सदस्य समक्ष पेश गर्दा पनि तीनै जनाको राय अलग अलग भई बहुमत कायम हुन नसकेमा निर्णयको लागि सर्वोच्च अदालत समक्ष पेश गर्नु पर्नेछ ।

३७. न्यायाधिकरणका अध्यक्ष र सदस्यको सेवाका शर्त र सुविधा: न्यायाधिकरणका अध्यक्ष र सदस्यलाई इजलास बसेको दिनको निमित्त नेपाल सरकारले तोके बमोजिमको भत्ता दिईनेछ ।

३८. रजिष्ट्रार तोक्ने: नेपाल सरकारले न्यायाधिकरणको सामान्य निर्देशन तथा नियन्त्रणमा रही न्यायाधिकरणको प्रशासन सम्बन्धी काम गर्न नेपाल न्याय सेवाको कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृतलाई रजिष्ट्रारको काम गर्न तोक्नेछ ।

५५८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३९. रजिष्ट्रारको काम, कर्तव्य र अधिकार: रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) न्यायाधिकरणमा दर्ता हुने अभियोग पत्र, उजूरी वा निवेदन वकालतनामा लगायतका लिखतहरु हेरी जाँची रीत पुगेको भए दर्ता गर्ने वा दर्ता गर्न नमिल्ने भए कारण जनाई दरपीठ गर्ने,

(ख) मुद्दामा पेश भएका कागजलाई सक्कलसंग भिडाई ठिक देखिएमा प्रमाणित गर्ने र सक्कलमा केही कैफियत देखिएमा सो कैफियत जनाई सम्बन्धित पक्षको सहिछाप गराई राख्ने,

(ग) म्याद जारी गरी तामेल गराउने,

(घ) मुद्दा मामिलामा मनासिब माफिकको कारण जनाई तारिख तोकिदिने,

(ङ) मुद्दाको दायरी कायम गरी त्यसमा हरेक मुद्दाको कारबाहीको लागि दिइएको तारिख समेत खुल्ने गरी कारबाहीको अद्यावधिक विवरण राख्ने,

(च) प्रचलित कानून बमोजिम वारेस लिने तथा मुद्दा सकार गराउने,

(छ) इजलासबाट भएको आदेश बमोजिमको काम कारबाही कार्यान्वयन गर्ने, गराउने,

(ज) इजलासबाट भएको आदेश बमोजिम धरौटी वा जमानत लिने,

(झ) मुद्दाको मिसिल कागजात सुरक्षित रुपमा राख्ने, रेखदेख गर्ने गराउने तथा धुल्याउनु पर्ने कागजात प्रचलित कानून बमोजिम धुल्याउने,

(ञ) कामको बोझको आधारमा कर्मचारीहरुमा काम बाँडफाँड गर्ने,

(ट) अन्य आवश्यक प्रशासनिक काम कारबाही गर्ने ।

४०. मुकाम: न्यायाधिकरणको मुकाम काठमाडौं उपत्यकाभित्र रहनेछ । मुद्दाको प्रकृति र क्षेत्र हेरी आवश्यक परेमा काठमाडौं उपत्यका बाहिर पनि मुकाम कायम गर्न सकिनेछ ।

४१. निर्णयको कार्यान्वयन: न्यायाधिकरणबाट भएको निर्णय प्रचलित कानून बमोजिम जिल्ला अदालतबाट कार्यान्वयन गर्नु गराउनु पर्नेछ ।

४२. प्रचलित कानून बमोजिम हुने: न्यायाधिकरणले मुद्दाको कारबाही र किनारा गर्ने सम्बन्धमा यस परिच्छेदमा लेखिए जति कुरामा यसै बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–१०

## विविध

४३. महिला श्रम सहचारी नियुक्ति गर्न सक्ने: ऐनको दफा ६८ को उपदफा (१) बमोजिम श्रम सहचारी नियुक्ति गर्दा एक हजार वा सो भन्दा बढी महिला कामदार पठाइएका मुलुकमा योग्यता पुगेका महिला अधिकृतहरु मध्येबाट श्रम सहचारी नियुक्ति गर्न सकिनेछ ।

४४. आय आर्जन स्वदेश फिर्ता गरे बापत सुविधा प्रदान गर्ने: ऐनको दफा ६९ को उपदफा (३) बमोजिम कुनै नेपाली कामदारले आफूले कमाएको रकम बैङ्क वा बैंकिङ्ग सेवा प्रदान गर्ने संस्था वा कम्पनी मार्फत स्वदेश फिर्ता पठाएमा त्यस्तो कामदारलाई नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको सुविधा प्रदान गर्नेछ ।

४५. इजाजतपत्रवालालाई पुरस्कृत गर्ने मापदण्ड: (१) ऐनको दफा ७१ बमोजिम नेपाल सरकारले उत्कृष्ट इजाजतपत्रवालालाई नियम ३ मा उल्लिखित आधार बमोजिम बोर्डको सिफारिसमा पुरस्कृत गर्नेछ ।

(२) उपनियम (१) बमोजिम पुरस्कृत भएको इजाजतपत्रवालालाई एक पटक पुरस्कृत भएपछि सामान्यतया अर्को तीन वर्षसम्म पुरस्कृत गरिने छैन ।

४६. विशेषज्ञ समिति: (१)ऐनको दफा ७२ को उपदफा (३) बमोजिम गलत स्वास्थ्य परीक्षण प्रतिवेदन दिएको हो होइन भन्ने सम्बन्धमा निर्णय गर्न देहाय बमोजिम विशेषज्ञ समिति रहनेछ :-

(क) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको एघारौं वा बाह्रौं तहको चिकित्सक -अध्यक्ष

(ख) नेपाल मेडिकल काउन्सिलले तोकेको चिकित्सक सदस्य

(ग) श्रम तथा यातायात व्यवस्था मन्त्रालयको कानून अधिकृत सदस्य

(घ) नेपाल स्वास्थ्य व्यवसायी महासंघको अध्यक्ष वा प्रतिनिधि -सदस्य

(ङ) वैदेशिक रोजगारबाट फर्कि आएका व्यक्तिहरु मध्येबाट श्रम तथा यातायात व्यवस्था मन्त्रालयले तोकेको व्यक्ति -सदस्य

(२) उपनियम (१) बमोजिम गठित विशेषज्ञ समितिले आवश्यक देखेमा सम्बधित विषयको विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गरी राय परामर्श लिन सक्नेछ ।

(३) उपनियम (१) बमोजिम गठित विशेषज्ञ समितिको अध्यक्ष र सदस्यले बोर्डद्वारा तोकिए बमोजिमको बैठक भत्ता पाउनेछन् ।

(४) उपनियम (१) बमोजिम गठित विशेषज्ञ समितिले ऐन वा यस नियमावली बमोजिम आफूले गर्नु पर्ने कुनै काम गर्न सम्बन्धित विषयको विशेषज्ञहरु भएको उपसमिति गठन गर्न सक्नेछ ।



५५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपनियम (१) बमोजिम गठित विशेषज्ञ समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) उपनियम (१) बमोजिमको विशेषज्ञ समितिको सचिवालयको काम श्रम तथा यातायात व्यवस्था मन्त्रालयको कानून शाखाले गर्नेछ ।

४७. शाखा कार्यालय खोल्ने सम्बन्धी व्यवस्था: (१) इजाजतपत्रवालाले जुन मुलुकमा कामदार पठाएको छ सो मुलुकमा शाखा कार्यालय खोल्न चाहेमा सोको स्वीकृतिको लागि देहायको विवरण खुलाई विभाग समक्ष निवेदन दिनु पर्नेछ:-

(क) शाखा कार्यालय खोल्ने मुलुक र स्थान,

(ख) शाखा कार्यालय सञ्चालनको विस्तृत कार्य योजना तथा भौतिक पूर्वाधार तथा जनशक्ति विवरण,

(ग) शाखा कार्यालय खोल्न चाहेको मुलुकमा कम्तीमा पाँचसय जना नेपाली कामदारलाई रोजगारीमा पठाई कार्यरत रहेको विवरण,

(घ) शाखा कार्यालय सञ्चालन गर्ने प्रमुख व्यक्तिले कम्तीमा स्नातकोपाधि प्राप्त गरेको प्रमाणपत्र र निजको नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

(२) इजाजतपत्रवालाले मुलुकभित्र शाखा कार्यालय खोल्न चाहेमा सोको स्वीकृतिको लागि देहायको विवरण खुलाई विभाग समक्ष निवेदन दिनु पर्नेछ :-

(क) शाखा कार्यालय खोल्ने स्थान,

(ख) शाखा कार्यालय सञ्चालनको विस्तृत कार्य योजना तथा भौतिक पूर्वाधार तथा जनशक्ति विवरण,

(ग) शाखा कार्यालय सञ्चालन गर्ने प्रमुख व्यक्तिको नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

(३) उपनियम (१) र (२) बमोजिम प्राप्त निवेदन उपर विभागले आवश्यक जाँचबुझ गर्दा निवेदकको माग बमोजिम शाखा कार्यालय खोल्न दिन मनासिब देखेमा शाखा कार्यालय खोल्न स्वीकृति दिन सक्नेछ ।

४८. प्रतिनिधि (एजेन्ट) नियुक्ति सम्बन्धी व्यवस्था: (१) कुनै इजाजतपत्रवालाले नेपालभित्र प्रतिनिधि (एजेन्ट) नियुक्ति गर्न चाहेमा प्रतिनिधि (एजेन्ट) नियुक्ति गर्न प्रस्ताव गरिएको व्यक्तिको वैयक्तिक विवरण खुलाई विभाग समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम नेपालभित्र प्रतिनिधि नियुक्ति गर्नको लागि प्रस्ताव गरिएको व्यक्तिको योग्यता देहाय बमोजिम हुनु पर्नेछ :-

(क) राम्रोसँग नेपाली भाषा लेखपढ गर्न सक्ने,

(ख) वैदेशिक रोजगार सम्बन्धी कुरा अरुलाई बुझाउन सक्ने,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा इजाजतपत्रवालाको माग मनासिब देखेमा विभागले निजसँग दुईलाख रुपैयाँ नगद धरौटी लिई नेपालभित्र प्रतिनिधि नियुक्ति गर्न अनुमति दिनेछ।

(४) कुनै इजाजतपत्रवालाले जुन मुलुकमा कामदार पठाएको छ सो मुलुकमा कुनै प्रतिनिधि नियुक्ति गर्न चाहेमा प्रतिनिधि नियुक्ति गर्न प्रस्ताव गरिएको व्यक्तिको व्यक्तिगत विवरण खुलाई विभाग समक्ष निवेदन दिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम विदेशमा प्रतिनिधि नियुक्ति गर्नको लागि प्रस्ताव गरिएको व्यक्तिको योग्यता देहाय बमोजिम हुनु पर्नेछ :-

(क) नेपाली नागरिक,
(ख) कम्तीमा स्नातकोपाधि हासिल गरेको,
(ग) नैतिक पतन देखिने फौज्दारी अभियोगमा सजाय नपाएको।

(६) उपनियम (४) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा इजाजतपत्रवालाको माग मनासिव देखेमा विभागले निजसंग दुईलाख रुपैयाँ नगद धरौटी लिई कामदार पठाएको मुलुकमा प्रतिनिधि नियुक्ति गर्न अनुमति दिनेछ।

(७) उपनियम (१) वा (४) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा निवेदकको माग बमोजिम प्रतिनिधि नियुक्ति गर्ने अनुमति दिन मनासिब नदेखेमा सोको कारण खुलाई विभागले इजाजतपत्रवालालाई जानकारी दिनु पर्नेछ।

(८) यस नियम बमोजिम नियुक्त भएको प्रतिनिधिलाई इजाजतपत्रवालाले विभागले तोकिदिए बमोजिमको परिचयपत्र दिनु पर्नेछ।

(९) उपनियम (८) बमोजिम दिएको परिचयपत्र प्रत्येक वर्ष नवीकरण गराउनु पर्नेछ।

(१०) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै पनि व्यक्ति एकभन्दा बढी इजाजतपत्रवालाको प्रतिनिधि हुन पाउने छैन।

(११) कुनै इजाजतपत्रवालाले आफ्नो कुनै प्रतिनिधिलाई हटाउन चाहेमा त्यस्तो प्रतिनिधिले आफ्नो हिसाब किताब फरफारक गरेको जानकारी विभागलाई दिई निजलाई प्रतिनिधिबाट हटाउन सक्नेछ।

(१२) इजाजतपत्रवालाले उपनियम (११) बमोजिम प्रतिनिधि हटाएको जानकारी सहित प्रतिनिधि नियुक्त गर्दा निजले राखेको धरौटी फिर्ता पाउन निवेदन दिएमा विभागले त्यस्तो धरौटी फिर्ता दिनु पर्नेछ।

(१३) इजाजतपत्रवालाले यस नियम बमोजिम नियुक्ति भएका प्रतिनिधिको नाम, थर र वतन खुल्ने गरी प्रत्येक वर्ष राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ।

४९. इजाजतपत्रवालालाई दिइने सुविधा: ऐनको दफा ७७ बमोजिम इजाजतपत्रवालालाई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने सिलसिलामा विदेशी मुद्राको कारोवार गर्दा त्यस्तो कारोवारको स्थिति हेरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको सुविधा



४८१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दिइनेछ ।

५०. अभिलेख राख्नु पर्ने: इजाजतपत्रवालाले वैदेशिक रोजगारमा पठाइएका प्रत्येक कामदारको अभिलेख अनुसूची-६ बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

५१. वार्षिक प्रतिवेदनमा खुलाउनु पर्ने विवरण: इजाजतपत्रवालाले ऐनको दफा ८० को उपदफा (२) बमोजिम पेश गर्ने वार्षिक प्रतिवेदनमा अन्य कुराको अतिरिक्त इजाजतपत्रवालाले वर्षभरीमा वैदेशिक रोजगारीमा पठाएको कामदारको संख्या र अवस्था, पूर्वस्वीकृति र श्रम स्वीकृति सम्बन्धी विवरण, शाखा कार्यालय र प्रतिनिधि (एजेन्ट) को विवरण, कामदारबाट सेवा शुल्क वा प्रवर्द्धन खर्च बापत लिएको रकम र वैदेशिक रोजगारका सम्बन्धमा भविष्यमा गरिनु पर्ने सुधारको विवरण उल्लेख गर्नु पर्नेछ ।

५२. अनुसूचीमा थपघट वा हेरफेर : श्रम तथा यातायात व्यवस्था मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

५३. खारेजी र बचाउ : (१) वैदेशिक रोजगार नियमावली, २०५६ खारेज गरिएको छ ।

(२) वैदेशिक रोजगार नियमावली, २०५६ बमोजिम भए गरेका काम कारवाहीहरु यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

मुद्रण विभाग, सिंहदरबार

२३५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - १

(नियम ३ संग सम्वन्धित)

(क) कम्तीमा तीन वर्षदेखि वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेको- १०

(ख) वैदेशिक रोजगार सम्बन्धी विषयमा कुनै तथ्यगत उजूरी नपरेको वा उजूरी परेको भए उजूरी फरफारक गरेको - ५

(ग) वैदेशिक रोजगार सम्बन्धी कसूरमा सजाय नपाएको वा कुनै सजाय पाएको भए त्यस्तो सजाय भुक्तान भएको मितिले पाँच वर्ष पूरा भएको संस्था वा संस्थाका संस्थापक वा संचालक - ५

(घ) ऐनको दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरी वैदेशिक रोजगारमा कामदार पठाएको - ५

(ङ) संख्यात्मक एवं गुणात्मक आधारमा वैदेशिक रोजगारमा बढी कामदार पठाएको - २५ (संख्यात्मकमा २० र गुणात्मकमा ५)

(च) नेपालको पाँच वटा विकास क्षेत्रमा शाखा कार्यालय खोलेको- १०

(छ) सेवा शुल्क र प्रवर्द्धन खर्च कम लिई कामदार पठाएको - ५

(ज) नेपाल सरकारलाई बढी राजस्व बुझाएको - २०

(झ) वित्तीय, भौतिक र जनशक्तिको अवस्था राम्रो रहेको - ५

(ञ) नियम ४५ बमोजिम पुरस्कार पाएका - १०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची –२
(नियम ६ को उपनियम (१) संग सम्बन्धित)
वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजतपत्रको लागि दिने निवेदनको ढाँचा

श्रीमान महानिर्देशक ज्यू,
वैदेशिक रोजगार विभाग ।

महोदय,

वैदेशिक रोजगार ऐन, २०६४ र वैदेशिक रोजगार नियमावली, २०६४ को अधीनमा रही वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इच्छा भएकोले देहायको विवरण सहित इजाजतपत्र पाउनको लागि यो निवेदन पेश गरेको छु :-

विवरण:

(१) संस्थाका सञ्चालक वा व्यवस्थापक (संस्थामा शेयरधनी हुने सबैको नाम खुलाउने):
(क) नाम :
(ख) ठेगाना :
(ग) नागरिकता :
(२) संस्थाको नाम :
(३) संस्थाको कार्यालयको ठेगाना :
(४) व्यवसायिक कार्य योजनाको विवरण :
(५) पूंजीको विवरण :
(क) अधिकृत पूंजी :
(ख) जारी पूंजी :
(ग) चुक्ता पूजी :
(६) वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्दा श्रम आयात गर्ने संस्था मार्फत कामकाज गर्ने हो वा रोजगार दिने संस्थासँग सोझै सम्पर्क राखी काम गर्ने हो सो सम्बन्धी विवरण खुलाउने :
(७) संस्थाको संगठन तालिका:
(८) कर्मचारीको व्यवस्था :
(क) पूरा समय काम गर्ने संख्या :
(ख) आंशिक समय काम गर्ने संख्या :
(ग) स्तर अनुसारको संख्या :
(९) उपलब्ध वा प्रस्तावित भौतिक साधनको विवरण :
(१०) सञ्चालकको अन्य व्यवसायिक कारोवारसंग सम्बन्ध भए त्यस्तो कारोवारको विवरण :
(११) आगामी दुई वर्षभित्र वैदेशिक रोजगारमा पठाइने कामदारको अनुमानित संख्या :
(१२) कामदार पठाइने देशको नाम :
(१३) अन्य प्रासङ्गिक कुरा :

माथि उल्लिखित विवरण ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

संस्थाको छाप :

निवेदकको,-
दस्तखत :
सञ्चालकको नाम :
संस्थाको नाम :
ठेगाना :
मितिः

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-३
(नियम ६ को उपनियम (२) संग सम्बन्धित)

नेपाल सरकार
श्रम तथा यातायात व्यवस्था मन्त्रालय
वैदेशिक रोजगार विभाग

**इजाजतपत्रको ढाँचा**

इजाजतपत्र नं: मिति :

**इजाजतपत्र**

वैदेशिक रोजगार ऐन, २०६४ र वैदेशिक रोजगार नियमावली, २०६४ को अधीनमा रही वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न पाउने गरी ..............................................लाई यो इजाजतपत्र दिइएकोछ ।

इजाजतपत्र दिने अधिकारीको,-
दस्तखत:
नाम:
दर्जा:
मिति:

**नवीकरण**

| नवीकरण गरेको मिति | नवीकरण वहाल रहने अवधि | नवीकरण दस्तुर | थप नवीकरण दस्तुर | नवीकरण गर्ने अधिकारीको सही र मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग सिंहदरबार
२८५

अनुसूची-४
(नियम १२ संग सम्बन्धित)

पूर्व स्वीकृतिको लागि दिने निवेदनको ढाँचा

श्रीमान् महानिर्देशक ज्यू,
वैदेशिक रोजगार विभाग ।

विषय: पूर्व स्वीकृति पाउँ भन्ने बारे ।

महोदय,

यस संस्थाले वैदेशिक रोजगार सञ्चालन गर्न इजाजतपत्र प्राप्त गरे बमोजिम रोजगारदाता संस्थासँग भएको सम्झौता वा सहमतिका आधारमा वैदेशिक रोजगारमा कामदार पठाउन देहायको विवरण खुलाई पूर्व स्वीकृति पाउन अनुरोध गर्दछु :-

(१) इजाजतपत्रवालाको,-
इजाजतपत्र नं.:
इजाजतपत्र प्राप्त मितिः
नवीकरण वहाल रहने मितिः
(२) कामदार पठाउने मुलुकः स्थानः
(३) रोजगारदाता संस्थाको नाम र ठेगानाः
(४) रोजगारदाता संस्थाको कामको प्रकृतिः
(५) निवेदनसंग संलग्न गरिएका कागजातहरुः
(क) मागपत्र
(ख) अख्तियारनामा
(ग) करार
(६) प्रकरण ५ मा उल्लिखित कागजात प्रमाणित गर्ने निकायको,-
नामः
ठेगानाः
(७) प्रकरण ५ मा उल्लिखित कागजातहरु आधिकारिक हुन् फरक परेमा संस्था पूर्ण रुपमा जिम्मेवार रहनेछ ।

इजाजतपत्रवालाको छाप

इजाजतपत्रवालाको,-
दस्तखतः
नामः
मितिः

३३५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूची- ५
(नियम १५ संग सम्बन्धित)
वैदेशिक रोजगारमा जान चाहने व्यक्तिले पेश गर्ने निवेदनको ढाँचा

श्री सञ्चालक ज्यू,
....................... ।

महोदय,

म वैदेशिक रोजगारमा जान इच्छुक भएकोले वैदेशिक रोजगार ऐन, २०६४ र वैदेशिक रोजगार नियमावली, २०६४ बमोजिम देहायको विवरण सहित यो निवेदन पेश गरेको छु :-

(१) रोजगारदाता संस्थाको नाम :
(२) जान चाहेको मुलुक :
(३) काम गर्न चाहेको पदको वर्गीकरण : उच्च दक्ष / दक्ष / अर्धदक्ष / अदक्ष
(४). काम गर्न चाहेको पदको नाम :
(५) सार्वजनिक सूचना प्रकाशन भएको पत्रिकाको नाम र मिति :
(६) सीपमूलक तालिम लिएको संस्थाको नाम :
(७) सार्वजनिक सूचनामा उल्लेख भए बमोजिम कामदारले प्राप्त गर्ने न्यूनतम मासिक पारिश्रमिक :
(८) कामदारको वैयक्तिक विवरण :
(क) कामदारको नाम, थर :
(ख) बाबु/आमाको नाम, थर :
(ग) ठेगाना :

| (अ) स्थायी : | (आ) अस्थायी : |
|---|---|
| जिल्ला : | जिल्ला: |
| गा.वि.स.:/न.पा.: | गा.वि.स.:/न.पा.: |
| वडा नं : | वडा नं : |
| टेलिफोन नं : | टेलिफोन नं : |
| इमेल : | |

(घ) जन्म मिति :
(ङ) धर्म:
(च) नागरिकता / राहदानी नं. :
(छ) उचाई: फिट इन्च तौल: केजी
(ज) विवाहित भए पति वा पत्नीको नाम र उमेर :
(झ) छोराछोरीको संख्या:
(ञ) बोल्न लेख्न सक्ने भाषा:
(१)
(२)



५८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३)

(ट) अन्य कुनै विशेष ज्ञान वा सीप :

(९) शैक्षिक योग्यताको विवरण :

| प्राप्त उपाधि | शैक्षिक संस्थाको नाम र ठेगाना |
|---|---|
| (क) | |
| (ख) | |
| (ग) | |
| (घ) | |

(१०) तालिम सम्बन्धी विवरण :

| तालिम लिएको विषय | अवधि | तालिम दिने संस्थाको नाम र ठेगाना |
|---|---|---|
| (क) | | |
| (ख) | | |
| (ग) | | |
| (घ) | | |

(११) अनुभव:

(१२) भवितव्य पर्दा सूचना दिनु पर्ने निकटतम व्यक्तिको नाम, ठेगाना र सम्पर्क नं. :

(१३) इच्छाईएको व्यक्तिको,-

(क) नाम र थर :

(ख) ठेगाना :

(ग) नाता सम्बन्ध :

माथि लेखिएको व्यहोरा ठीक दुरुस्त छ,झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको,-

दस्तखत:

नाम:

मिति :

मुद्रण विभाग, सिंहदरबार



२३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-६

(नियम ५० संग सम्बन्धित)

**वैदेशिक रोजगारमा पठाईएका कामदारहरुको अभिलेख**

| क्र.सं | कामदारको नाम | नेपालको स्थायी ठेगाना | विदेश को ठेगाना | नेपालबाट प्रस्थान मिति | विदेश मा पुगेको मिति | रोजगार दाता संस्थाको नाम | विदेशमा गर्ने कामको विवरण | मासिक वेतन र सुविधा | करार बमोजिमको काम गर्ने अवधि पूरा हुने मिति | नेपालमा सम्पर्क गर्ने व्यक्तिको नाम ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

इजाजतपत्रवालाको छाप

प्रमाणित गर्ने

सञ्चालकको हस्ताक्षर

आज्ञाले,

श्यामप्रसाद मैनाली

नेपाल सरकारको सचिव

७८९

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।